नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Kuala Lumpur, Malaysia

## प्रेस विज्ञप्ती

आज मिति २०८२ वैशाख २९ तदनुसार १२ मे २०२५ का दिन नेपाली राजदुतावास, क्वालालम्पुरले मलेसियास्थित नेपाली समुदायको सहकार्यमा २५६९ औं बुद्ध जयन्ती (वैशाख डे) को कार्यक्रम क्वालालम्पुरस्थित कूटनीतिक नियोग तथा व्यापारिक प्रतिष्ठानका प्रतिनिधिहरु, बौद्धिक समुदाय तथा नेपाली समुदायको उपस्थितिमा भव्यताका साथ सम्पन्न गर्यो।

करिब ६०० जनाको सहभागिता भएको बुद्ध जयन्ती कार्यक्रममा मलेसियाका बौद्ध विहारहरूका प्रमुख भिक्षु दातुक के. श्री धम्मारतनाले प्रमुख अथितिको रुपमा उपस्थित भई बुद्ध पूर्णिमाको महत्वको बारेमा उजागर गर्नुका साथै विश्वको शान्ती र समृद्धिका लागि बुद्ध दर्शनको महत्व र योगदानका बारेमा प्रष्ट पार्नु भयो। सो अवसरमा उपस्थित सबै जनालाई ध्यान भावनाको अभ्यास समेत गराउनु भयो।

महामहिम राजदूत डा. नेत्र प्रसाद तिम्सिनाले कार्यक्रममा सबैलाई स्वागत गर्दै नेपालको लुम्बिनीमा जन्मेका बुद्धले अहिम्सा, करुणा, प्रेम र प्रज्ञा मार्फत विश्व शान्ति र राष्ट्र निर्माणका लागि अहम योगदान गरेको कुरा बताउनु भयो। बुद्ध जन्मेको देश नेपाल र नेपालीहरूको प्रतिनिधित्व गर्दै मलेसियाको क्वालालम्पुरमा आयोजना गरिएको यो कार्यक्रममा बुद्धका सन्देशहरूको बारेमा चर्चा गर्न पाउँदा अत्यन्तै गौरवान्दित महसुस भएको कुरा उहाँले बताउनु भयो।

महामहिम राजदूतले लुम्बिनी भ्रमण गर्न, लुम्बिनीको विकासमा सहभागी भई बुद्धका सन्देशलाई विश्वभर फैलाई विश्व शान्ती कायम गर्ने जस्तो महत्वपूर्ण कुरामा योगदान गर्न सवैलाइ अह्वान गर्नु भयो।

कार्यक्रममा राघाभेइन्द्र आर्टस् एकेडेमीका विद्यार्थीहरुले बौद्ध मन्त्र *ओम मानी पद्मे होम* र नेपाली लोकप्रिय गीत *फुलको आँखामा*को धुनमा भायोलिनको प्रस्तुति गर्नुभयो।

कार्यक्रमको औपचारिक समापन पश्चात नेपाली समुदायका सदस्यहरु लुम्बिनी तथा नेपालको मौलिकता झल्काई सजाइएको लरीसँगै लुम्बिनी नेपालको पहिचान सहितको टि-सर्टमा पदयात्रामा सहभागी भयो।

नेपाली राजदूतावास
क्वालालम्पुर
२०८२ बैशाख २९

नेपाली राजदूतावास क्वालालम्पुर

Wisma Paradise, No. 63, Jalan Ampang, 50450 Kuala Lumpur.
Tel: 603-2020 1898/99, Fax: 603-2020 1894
E-mail: eonkualalumpur@mofa.gov.np, Website: my.nepalembassy.gov.np